"हल्दीबारीको दृष्टि – कृषि र पर्यटन मार्फत समृद्धि"

# हल्दीबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कचनकवल, झापा

पत्रसंख्या : २०८१।०८२(कृषि विकास शाखा)
चलानी नं. : ६६

कोशी प्रदेश, नेपाल
मिति : २०८२।०३।३२
ने.स.११४५ दिल्लागा, ६ बुधबार

बिषय : रासायनिक मल बिक्रेताको सूचि दर्ता प्रमाणपत्र नविकरण गर्ने सम्बन्धी सूचना ।

श्री रासायनिक मल बिक्रेता(डिलरसीप) हरु सबै
हल्दीबारी गाउँपालिका, झापा ।

प्रस्तुत बिषयमा अनुदानको मल बितरण व्यवस्थापन निर्देशिका, २०८० को परिच्छेद ३ दफा ८ को उपदफा १ अनुसार प्रकृया पुरा गरी अनुसूची ३ बमोजिम रासायनिक मल खरिद तथा बिक्री बितरण कारोबार गर्न सुचीमा दर्ता भएका प्रमाणपत्र, कृषि सामाग्री कम्पनी लि. र साल्ट ट्रेडिङ कर्पोरेशन लि. शाखा कार्यालय बिर्तामोडबाट मल बितरणको लागि लिएको मल बिक्रेता प्रमाणपत्रको मान्य अवधि आर्थिक बर्ष सँगै समाप्त हुने भएको हुँदा तपसिलमा उल्लेखित कागजातहरु सहित मिति २०८२/०४/०४ गते देखि साउन मसान्त सम्म यस कार्यालयमा सूचि दर्ता प्रमाणपत्र नविकरण गर्न हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. अनुदानको मल बितरण व्यवस्थापन निर्देशिका, २०८० को अनुसूचि ६ को संलग्न ढाँचामा नविकरण गरी पाउँ भन्ने निवेदन
२. सहकारीको हकमा सञ्चालक समितिको निर्णय (सूची दर्ता प्रमाणपत्र नविकरणको लागि सम्बन्धित गाउँपालिका, कृषि सामाग्री कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेशन लि. बिर्तामोड शाखा झापालाई अनुरोध ) प्रतिलिपी
३. सूचि दर्ता प्रमाणपत्र को सक्कलै प्रमाणपत्र
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
५. आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी
६. आ.व. २०८१/०८२ मा कृषि सामाग्री कम्पनी लि. र साल्ट ट्रेडिङ कर्पोरेशन लि. बिर्तामोड शाखाबाट प्राप्त भएका रासायनिक मल खरिद तथा बिक्री बितरण गरिएको अनुदानको मल बितरण व्यवस्थापन निर्देशिका २०७७ को अनुसूची ९ को ढाँचामा बिवरण भरी पेश गर्नुपर्नेछ ।

| मिति | मल उपलब्ध गराउने संस्थाको नाम | यूरिया परिमाण (मे.टन) | | | डिएपी परिमाण (मे.टन) | | | पोटास परिमाण (मे.टन) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खरिद | बिक्री | जम्मा बाँकी | खरिद | बिक्री | जम्मा बाँकी | खरिद | बिक्री | जम्मा बाँकी | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | |

**बोधार्थ**

श्री वडा कार्यालय सबै - जानकारीको लागि अनुरोध छ ।
श्री सूचना प्रविधि शाखा - Website अपलोड गर्नुहुन ।

(मान ब. वन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत)
२०८२/०३/३२

Website : www.haldibarimun.gov.np
Email : haldibariruralmunicipality123@gmail.com

"हल्दीबारीको दृष्टि – कृषि र पर्यटन मार्फत समृद्धि"

# हल्दीबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## जलथल, झापा
कोशी प्रदेश, नेपाल

पत्रसंख्या : २०८१।०८२(कृषि विकास शाखा)
चलानी नं. :

मिति : २०८२।०३।३२
ने.स.११४५ दिल्लागा, ६ बुधबार

बिषय : व्यावसायिक कृषि तथा पशुपन्छी फार्म दर्ता/नविकरण गर्ने सम्बन्धी सूचना।

श्री व्यावसायिक कृषि तथा पशुपन्छी फार्म हरु सबै
हल्दीबारी गाउँपालिका, झापा।

प्रस्तुत बिषयमा यस कार्यालय अन्तर्गत सबै वडा भित्र सञ्चालनमा रहेका व्यावसायिक कृषि तथा पशुपन्छी फार्महरुलाई सक्रिय रुपमा व्यवस्थित गर्न कृषि, पशुपन्छी तथा मत्स्य फार्म दर्ता कार्यबिधि, २०८०, परिच्छेद २ को दफा ४ बमोजिमको प्रकृया र दफा ५ र ६ को मापदण्डमा आधारित रही अनुसूची २ र अनुसूची २(क) अनुसार प्राप्त भएका प्रमाणपत्रको मान्य अवधि प्रत्येक आर्थिक बर्ष सँगै समाप्त हुने भएकोले पुन: नविकरण गर्नुपर्ने प्रावधान भएको हुँदा यस कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका व्यावसायिक कृषि तथा पशुपन्छी फार्मका सञ्चालक र नयाँ फार्म दर्ता प्रकृयामा रहेका सञ्चालकहरुले मिति २०८२/०४/०४ गते देखि श्रावण मसान्त सम्म तपसिलका आवश्यक कागजातहरु संलग्न राखि फार्म दर्ता/नविकरण गर्नु हुन सम्बन्धित सबैलाई जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. अनुसुची १ को फार्म दर्ता/नविकरण गरी पाउँ भन्ने निवेदन
२. फार्म दर्ता प्रमाण पत्रको सक्कलै प्रमाण पत्र
३. स्थायी लेखा नं. (PAN) को प्रमाणपत्र प्रतिलिपी
४. आव २०८१/०८२ मा तिरेको करचुक्ता प्रमाणपत्र
५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
६. नयाँ फार्म दर्ताको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, २ प्रति पासपोर्ट साईजको फोटो, चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का, चौकिल्ला प्रमाणित हस्ताक्षर गरेका व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
७. जग्गा भाडामा लिएको भए सम्झौता/कवुलियतनामा पत्र
८. व्यक्तिगत वा सगोलमा भए स्वघोषणा/मञ्जुरीनामा
९. राजश्व बुझाएको रसिद(आर्थिक ऐन अनुसार)

**बोधार्थ**

श्री वडा कार्यालय सबै - जानकारीको लागि अनुरोध छ।
श्री सूचना प्रविधि शाखा - Website अपलोड गर्नुहुन।

०८२/०३/३२
मान ब. बन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत

........................

"हल्दीबारीको दृष्टि – कृषि र पर्यटन मार्फत समृद्धि"

# हल्दीबारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा

पत्रसंख्या : २०८१।०८२(कृषि विकास शाखा)
चलानी नं. :

कोशी प्रदेश, नेपाल

मिति : २०८२।०३।३२
ने.स.११४५ दिल्लागा, ६ बुधबार

बिषय : कृषक समुह दर्ता/ नविकरण गर्ने सम्बन्धी सूचना।

श्री कृषक समुहहरु,सबै
हल्दीबारी गाउँपालिका, झापा।

प्रस्तुत बिषयमा कृषक समुह गठन तथा व्यवस्थापन निर्देशिका २०७९ परिच्छेद ५ को दफा १२ बमोजिम प्रकृया पुरा गरेका कृषक समुहहरुलाई सक्रिय र व्यवस्थित बनाउन दफा १५ को उपदफा १ र २ अनुसार कृषक समुहहरुले प्रत्येक २ बर्षमा आर्थिक बर्ष लागु हुने बितिकै नविकरण गर्नुपर्ने प्रावधान भए अनुसार यस कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका कृषक समुह र नव गठित कृषक समुहहरु दर्ता प्रकृयामा रहेको भए मिति २०८२/०४/०४ गते देखि भाद्र मसान्त सम्म तपसिलका आवश्यक कागजातहरु संलग्न राखि कृषक समुह दर्ता/नविकरण गर्नु हुन सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरु**

१. समुहको निवेदन
२. समुह नविकरण सम्बन्धि बैठकको निर्णयको प्रतिलिपी
३. कृषक समुहको सक्कल प्रमाण पत्र
४. स्थायी लेखा नम्बर(PAN) को प्रतिलिपी
५. आ.व. २०८१/०८२ मा तिरेको करचुक्ता प्रमाण पत्र प्रतिलिपी
६. नयाँ कृषक समुह दर्ताको लागि समुह गठन भएको कम्तिमा ६ महिना अवधि पुगेको हुनुपर्नेछ र समुहको बैठकको निर्णय प्रतिलिपी, अनुसूची - ५ को समुहको बिधान अनुसूची - ११ को समुह बिवरण फाराम भरी अनुसूची - ६ बमोजिमको दर्ता गरी पाउँ भन्ने निवेदन संलग्न हुनुपर्नेछ।
७. कृषक समुह गठन तथा व्यवस्थापन निर्देशिका, २०७९ को अनुसूचि ४ बमोजिमको प्रगति बिवरण र अनुसूची १९ को समुह बार्षिक कार्ययोजना
८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
९. गाउँपालिकामा दर्ता/नविकरणको राजश्व तिरेको रसिद

**बोधार्थ**

श्री वडा कार्यालय सबै - जानकारीको लागि अनुरोध छ।
श्री सूचना प्रविधि शाखा - Website अपलोड गर्नुहुन।

(मान ब. जन (महेन्द्र)) प्रमुख प्रशासकीय अधिकृत

..........................